# आर्थिक वर्ष २०८३/८४ को वजेट तथा कार्यक्रमका आधार, सिद्धान्त, प्राथमिकता एबम् संक्षिप्त वार्षिक वजेट बक्तब्य

लेटाङ नगरपालिका मोरङ

१० गते असार, २०८३

<u>प्रस्तुतकर्ता</u>

**श्री कृष्ण कुमारी पोख्रेल निरौला**

**नगर उप-प्रमुख**

**लेटाङ नगरपालिका, मोरङ**

**गरिमामय सभाका सभाध्यक्ष महोदय,**

लेटाङ नगरपालिकाको यस गरिमामय सभामा उपस्थित हुनुहुने सम्पुर्णमा सभासदस्य लगायत सम्पुर्ण उपस्थित महानुभावहरूमा एकमुष्ट स्वागत गर्न चाहन्छु। नगरसभाको नियमित उन्नाईसौ अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाउँदा हर्षित भएको छु ।विभिन्न समयमा भएका जनआन्दोलन सुशासन प्रवर्धनका लागि भएको जेन्जि आन्दोलन समेतका अपेक्षाहरु समावेश गर्दै सुशासन प्रवर्धन तथा विकासलाई द्रुत व्यवस्थापन गर्ने गरी हामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक वजेट तयारीको क्रममा रहेका छौं। आगामी बजेट तथा कार्यक्रमलाई यथार्थपरक, कार्यान्वयन योग्य तथा नागरिकको सहभागिता तथा सन्तुष्टि अभिबृद्धि गर्ने उद्देश्य सहित आ.व. २०८३/८४ को वजेट तथा कार्यक्रम तय गर्ने प्रयोजनका लागि वजेट तथा कार्यक्रमका निर्माणका आधार, सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**"समृद्ध नगर, सुखी नगरबासी"** भन्ने मुल नाराका साथ विकास, सुशासन प्रवर्द्धन र नागरिक सन्तुष्टि अभिबृद्धि गर्न सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्दै कार्यान्वयन योग्य वजेट तर्जुमाका लागि आ.व. २०८३/८४ को वजेट तर्जुमाका आधार, सिद्धान्त तथा प्राथमिकताहरू प्रस्तुत गर्दछु ।

**वजेट तथा कार्यक्रम तर्जुमाका आधारहरू**

श्रद्धेय सभाध्यक्ष एबम् सभा सदस्यज्यूहरू,

वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२ को धारा ५९ एबम् धारा २३० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ ले दिएको अधिकार बमोजिम लेटाङ नगरपालिकाको आ.व. २०८३/८४ को वजेट तर्जुमा गरिएको छ ।

आ.व. २०८३/८४ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका आधारहरू तपसिल बमोजिम रहेका छन।

- क. राजश्व परामर्श समितिको प्रतिवेदन,
- ख. स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको आय र ब्ययको अनुमानित प्रतिवेदन,
- ग. निर्वाचित जनप्रतिनिधिहरूले प्रतिबद्धताहरू,
- घ. राजनीतिक दल, संघ संस्था, नागरिक समाज, नीजि क्षेत्र र आम नगरबासीहरूको सुझावहरू,

ङ. विषयगत समितिको तर्फवाट प्राप्त भएका सुझावहरू,

च. वडा समिति,विषयगत शाखा तथा विषयगत समितिवाट प्राप्त सिफारिस,

छ. वजेट तथा तर्जुमा समितिमा भएका छलफल र भएका निर्णयहरू, सरोकारवालाहरूवाट प्राप्त सुझाव तथा मार्गदर्शन,

ज. विगतका नगरसभा एबम् कार्यापालिकावाट भएका निर्णयहरू,

झ. दिगो विकासका लक्ष्यहरूको प्राप्तिका लागि दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण,

ञ. नेपाल सरकारको आवाधिक योजना र विभिन्न परिपत्रहरू,

ट. प्रदेश सरकारको आवाधिक योजना र परिपत्रहरू,

ठ. लेटाङ नगरपालिकाको आवधिक योजना,

ड. मध्यकालिन खर्च संरचना, आयोजना बैक,

ढ. लेटाङ नगरपालिकाका विभिन्न क्षेत्रगत रणनीतिहरू,

ण. संस्थागत विकास र सुशासन प्रवर्द्धनका लागि विभिन्न सुचकहरू,

त. नागरिकहरूको माग, सरोकारवालाहरूको सुझाव र स्थानीय आवश्यकता।

**वजेट तथा कार्यक्रमका सिद्धान्तहरू**

१. सेवा प्रवाहलाई सरलीकृत एबम् प्रविधिमैत्री वनाउने

२. समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने

३. कार्यान्वयनयोग्य र अधिक नागरिक सहभागितामा आधारित वजेट तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

४. उत्पादन उत्पादकत्व अभिबृद्धि गर्ने र गरिवी न्युनिकरणका लागि स्वरोजगार र रोजगारी सृजना गर्न जोड दिने ।

५. गुणस्तरीय भौतिक पुर्वाधार निर्माणमा जोड दिने ।

६. टोल विकास संस्था तथा लाभग्राही समुहहरूको क्षमता विकास गर्ने तथा फोहोर मैला ब्यवस्थापनमा टोल विकास संस्थाहरूको सहभागिता बृद्धि गर्ने ।

७. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक क्षेत्रको पुर्वाधार सुधार तथा आन्तरिक ब्यवस्थापकीय क्षमता विकास गर्दै लैजाने ।

८. प्राकृतिक स्रोतको उपयोगमा विशेष ध्यान दिने तथा चुरे क्षेत्रमा वन विकासका कार्यक्रम सञ्चालन गर्ने ।

९. विभिन्न कुरीतिहरूलाई दुरुत्साहन गर्ने छुवाछुत निर्मुलीकरण गर्ने लैंगिक हिंसा न्युनिकरण गर्ने, बालमैत्री वातावरण निर्माण गर्ने, वातावरणमैत्री कार्यवातावरण

निर्माण गर्ने, सडक मानव रहित वनाउने, मानसिक स्वास्थ्य सुधारमा कार्यक्रम संचालन गर्ने जस्ता कार्यहरूलाई अगाडी बढाउने।

१०. समृद्ध र सुन्दर नगर वनाउन सरोकारवालाहरूसंग हातेमालो गर्ने, विपद ब्यवस्थापनका लागि पुर्व तयारी एवम् विपद ब्यवस्थापन योजनाहरू संचालन गर्ने।

**वजेट तथा कार्यक्रमका प्राथमिकताहरू**

१. स्वास्थ्य सेवामा पहुच अभिबृद्धि गर्न १० शैयाको अस्पताल सञ्चालन व्यवस्थापन
२. पर्यटन प्रवर्धनका लागि अन्तर धार्मिक शान्ति पार्क बाराजी मन्दिर तथा अन्य पर्यटन प्रवर्धन कार्यहरु
३. खानेपानी व्यवस्थापनका लागि जाते खानेपानी आयोजनाको स्तरोन्नती
४. संघीय सरकार तथा प्रदेश सरकारसंगको समपुरक योजना अन्तर्गत विभिन्न सडक कालोपत्रे गर्ने
५. विध्यालय भवनहरुको निर्माण र स्तरोन्नती
६. शान्ती भगवती माध्यमिक विद्यालयमा विद्यार्थी आवास (होस्टल) निर्माण
७. सुशासन र संस्थागत विकास
८. कृषि तथा पशुपंक्षी क्षेत्रको ब्यवसायीकरण र उत्पादन अभिबृद्धि
९. कृषिजन्य वस्तुको गुणस्तरीय उत्पादन तथा बिक्री सहजीकरण
१०. दिगो विपद ब्यवस्थापन, यातायात पुर्वाधार सुधार, सिचाई, खानेपानी, उर्जा विकासमा जोड दिईनेछ।
११. विद्यालयको शैक्षिक गुणस्तर सुधार, शैक्षिक पुर्वाधार सुधार
१२. उद्यम प्रवर्द्धनका लागि विभिन्न सीपमुलक तालिम
१३. उद्यम प्रवनार्थ उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम
१४. राजश्व संकलन एबम् परिचालन
१५. आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यान्वयन
१६. पर्यटनमुलक कार्यहरूमा प्राथमिकता
१७. उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको सम्झौता लगायतका सम्पुर्ण कार्य वडावाट नै हुने ब्यवस्था मिलाउने
१८. शान्ती सुरक्षा, मेलमिलाप, लागु औषध दुर्ब्यशन नियन्त्रण, सडक सुरक्षा, सवारी दुर्घटना न्युनिकरण, सडक मर्मत द्रुत कार्य जस्ता कृयाकलाप
१९. सार्वजनिक सम्पत्ती संरक्षण

यसरी सवैको साथ सहयोग सहित आगामी आर्थिक वर्ष २०८३/८४ को वजेट तथा कार्यक्रमको प्राथमिकताका आधारमा वजेट तथा कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्ने कार्यमा सम्पुर्ण सरोकारवालाहरूको साथ सहयोग र समन्वयको अपेक्षा गरेको छु ।

**सभाध्यक्ष महोदय**

अव म चालु आ व २०८२/८३ को हाल सम्मको आय र व्ययको विवरण पेश गर्न चाहान्छु। चालु आव २०८२।८३ मा संसोधित आय अनुमान रु ६६ करोड ९३ लाख ६८ हजार २ सय रहेको मध्ये हालसम्मको (मिति २०८३/०३/०९ गतेसम्म ) यथार्थ आय रु ६४ करोड ७६ लाख ३ सय ५ रुपैया प्राप्त भई लक्ष्यको ९६ दशमलव ७५ प्रतिशत प्राप्ती भएको र हालसम्मको यथार्थ ब्यय रु ४४ करोड ६ लाख ८६ हजार १ सय ३० रुपैया खर्च भई कुल ६५ दशमलव ८४ प्रतिशत खर्च भएको छ। (बिस्तृत विवरण, अनुसूचीमा संलग्न रहेको छ)

**त्यसैगरी** हालसम्मको चालु र पुँजीगत खर्च तपसिल बमोजिम रहको छ।

**पुँजीगत खर्च** — १२ करोड ७६ लाख ६४ हजार ६ सय ४० रुपैया खर्च भई पुँजिगत तर्फको अनुमानमा ४८ दशमलव ३२ प्रतिशत खर्च भएको अवस्था छ ।

**चालुखर्च** — ३१ करोड ३० लाख २१ हजार ४ सय ९० रुपैया खर्च भई चालु तर्फको अनुमानमा ७७ दशमलव २६ प्रतिशत खर्च भएको अवस्था रहेको छ ।

श्रध्देय सभाध्यक्षज्यू,

यसरी कुल विनियोजित वजेट तथा कार्यक्रम मध्ये हाल सम्मको व्यय प्रतिशत ६५ दशमलव ८४ रहेको छ । योजना/कार्यक्रमहरुको भुक्तानीक्रममा रहेको हुदा व्यय प्रतिशतमा उल्लेख्य सुधार हुने अपेक्षा गरेको छु ।

चालु आ.व. मा भएको जेन्जि आन्दोलन तथा संघीय संसदको चुनावका कारण नियमित कार्यतालिका बमोजिमका कार्यहरु सञ्चालन गर्न केही बाधा पुगे पनि उपलब्धि सकारात्मक रहेको छ । साथै चालु आ.व. २०८२/८३ भित्रै विभिन्न देशहरुको युद्धका कारणले भएको मुल्यबृध्दि तथा सामाग्री अभावका कारण केहि योजना सम्पन्न गर्न चुनौती थपिएको अवस्था रहेको छ । मुख्यतया ईन्धनको मुल्यमा अत्याधिक बृध्दि तथा सडक कालोपत्रे गर्न आवश्यक विटुमिनको अभाव तथा मुल्यबृध्दिका कारण देखाउदै कालोपत्रेका लागि तय गरेका योजनाहरुको प्रगति सन्तोषजनक नरहेको

जानकारी गराउन चाहन्छु । चालु आ.व. २०८२/८३ मा नगर गौरवको योजनाको रुपमा रहेको अन्तरधार्मिक शान्ती पार्क सम्झौता अवधि भन्दा अगावै सम्पन्न गरी सञ्चालनमा आईसकेको व्यहोरा सगर्व जानकारी गराउन चाहन्छु । १० शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको तथा आगामी आ.व. वाट सञ्चालन हुने गरी तयारी गरिएको विषय समेत जानकारी गराउन चाहन्छु । लामो समयवाट विविध कारणवाट निर्माण कार्य हुन नसकेको मुर्चुङ्गी खोलाको पुल समेत चालु आ.व. भित्र सम्पन्न गरि आगामी आ.व. वाट सञ्चालनमा आउने गरी तयारी गरि कार्य प्रगती अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु ।वडागत तथा विषयगत शाखावाट सञ्चालन हुने योजना कार्यक्रम करिव अधिकतम कार्यान्वयन गएको तथा नगरका सडक कालोपत्रे गर्ने योजना बाहेकका अन्य योजनाहरुको प्रगति सकारात्मक रहेको ब्यहोरा अनुरोध गर्दछु । ४ कोठे २ वटा विद्यालय तथा छात्रावास भवन १ समेत निर्माण सम्पन्न हुने चरणमा रहेका छन ।यसरी चालु आ.व. २०८२/८३ मा जेन्जि आन्दोलन तथा निर्वाचनका कारण हुने समय क्षतिलाई विभिन्न माध्यमवाट समाधान गर्ने प्रयासका वावजुत मुल्य बृध्दि र सामाग्री प्राप्तीको कारणले सडक कालोपत्रे कार्यमा उल्लेख्य प्रगती नभएतापनि अन्य सवै योजना तथा कार्यक्रमका प्रगती सूचक सकारात्मक रहेको ब्यहोरा जानकारी गराउदछु ।

अव म आगामी बर्ष २०८३/८४ को आय र ब्ययको अनुमानित वजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

राजश्व परामर्श समितिको प्रतिवेदन, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको प्रतिवेदन एबम् संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने आय समेतका आधारमा तपसिल बमोजिम आर्थिक वर्ष २०८३/८४ को कुल आय तपसिल बमोजिमको अनुमान गरेको छु ।

| सि.नं. | अनुमानित आय विवरण | रकम | अक्षरेपीमा |
|---|---|---|---|
| १ | आन्तरिक आय | १३००३५००० | १३ करोड पैतिस हजार |
| राजश्व बाँडफाँडवाट प्राप्त हुने आय | | | |
| २ | राजश्व वाडफाड नेपाल सरकार | १२२८३७००० | १२ करोड २८ लाख ३७ हजार |
| ३ | राजश्व वाडफाँड प्रदेश सरकार | ९९५३४०८ | ९९ लाख ५३ हजार ४ सय ८ |
| ४ | राजश्व वाडफाँड स्थानीय | १५७५०००० | १ करोड ५७ लाख ५० हजार |
| ५ | रोयल्टी वापत प्राप्त हुने अनुमान | २५००००० | २५ लाख |
| नेपाल सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | | |

| | | | |
|---|---|---|---|
| ६ | संघीय वित्तीय समानिकरण | १२४१००००० | १२ करोड ४१ लाख |
| ७ | संघीय सशर्त अनुदान | २३३७००००० | २३ करोड ३७ लाख |
| ८ | संघीय समपुरक | ३५००००० | ३५ लाख |
| १९ | संघीय विशेष अनुदान | २३६००००० | २ करोड ३६ लाख |
| प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | | |
| १० | प्रदेश बित्तीय समानिकरण | ११०६५००० | १ करोड १० लाख ६५ हजार |
| ११ | प्रदेश सशर्त अनुदान | ८७९०००० | ८७ लाख ९० हजार |
| १२ | प्रदेश समपुरक अनुदान | ४२००००० | ४२ लाख मात्र |
| १३ | जनसहभागिता | ५०००००० | ५० लाख |
| | **कुल जम्मा अनुमानित आय** | **६९५०३०४०८** | **६९ करोड ५० लाख ३० हजार ४ सय ८** |

यसरी आर्थिक वर्ष २०८३/८४ को लागि ६९ करोड ५० लाख ३० हजार ४ सय ८ रुपैया मात्र कुल आय अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले प्रदान गरेको वजेट तथा कार्यक्रमको सिमा भित्र रहि विषयगत समिति, विषयगत शाखा, वडा समिति एबम् सरोकारवालाहरूले पेश गरी वजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत नगर कार्यापालिकामा पेश भई नगर कार्यपालिकावाट नगरसभामा स्विकृतार्थ पेश गर्ने सिफारिस भई आएको तपसिल बमोजिम आर्थिक वर्ष २०८३/८४ को कुल ब्यय तपसिल बमोजिमको अनुमान गरेको छु।

| विषयक्षेत्र | अनुमानित ब्यय | कैफियत |
|---|---|---|
| आर्थिक विकास | ५९३१०००० | ५ करोड ९३ लाख १० हजार |
| सामाजिक विकास | २८८४६१५०० | २८ करोड ८४ लाख ६१ हजार ५ सय |
| पुर्वाधार विकास | १७६३२३९०८ | १७ करोड ६३ लाख २३ हजार ९ सय ८ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३४२१५००० | ३ करोड ४२ लाख १५ हजार |
| कार्यालय संचालन तथा विविध तर्फ | १३६७२०००० | १३ करोड ६७ लाख २० हजार |
| कुल जम्मा | ६९५०३०४०८ | |

यसरी आ.व. २०८३/८४ को कुल ब्यय अनुमान रु ६९ करोड पचास लाख तिस हजार चार सय आठ रुपैया ब्यय अनुमान गरेकोछु।

प्रस्तावित वजेट तथा कार्यक्रम अन्तरगत चालु खर्च तर्फ ४५ करोड ५८ लाख ६४ हजार पाच सय तथा पूँजिगत खर्च तर्फ २३ करोड ९१ लाख ६५ हजार ९ सय ८

विनियोजन प्रस्ताव गरेको छु । चालु खर्च प्रतिशत ६५ दशमलव ५९ प्रतिशत तथा पूजिगत खर्च ३४ दशमलव ४1 प्रतिशत रहेको छ ।

**सभाअध्यक्ष महोदय,**

अव म आ.व. २०८३/८४ को संक्षिप्त वजेट तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न चाहन्छु।

१. वडा कार्यालय तर्फ कुल ५ करोड ८५ लाख विनियोजन गरेको छु ।

| क्र स | विवरण | कार्यसंचालन | पुर्वाधार विकास | सामाजिक विकास | संस्थागत विकास | आर्थिक विकास | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | वडा नं १ | ५००००० | ३३७०००० | १२१२००० | ४०५००० | ११९०००० | ६६७७००० |
| ३ | वडा नं २ | ५२५००० | ३२३७००० | १२७५००० | ३१५००० | १०९५००० | ६४४७००० |
| ४ | वडा नं ३ | ६०५००० | ३३९०००० | १६१५००० | ५३०००० | २७०००० | ६४१०००० |
| ५ | वडा नं ४ | ५००००० | २५१०००० | १५२५००० | ११००००० | ७५०००० | ६३८५००० |
| ६ | वडा नं ५ | ५००००० | ३०५०००० | १३५०००० | १०२७००० | ६५०००० | ६५७७००० |
| ७ | वडा नं ६ | ५००००० | ४६४०००० | ९६२००० | १५०००० | २००००० | ६४५२००० |
| ८ | वडा नं ७ | ५००००० | २४४०००० | ३०९५००० | ४८०००० | ४०००० | ६५५५००० |
| ९ | वडा नं ८ | ४६०००० | २५१०००० | १९७१००० | ८२५००० | ६५०००० | ६४१६००० |
| १० | वडा नं ९ | ५००००० | ३४२०००० | १९८०००० | ३८१००० | ३००००० | ६५८१००० |
| | | ४५९०००० | २८५६७००० | १४९८५००० | ५२१३००० | ५१४५००० | ५८५००००० |

२. भौतिक पुर्वाधार तर्फ क्रमागत योजनाहरूको लागि आवश्यक वजेट विनियोजन तथा वजेटको ब्यवस्था गरेकोछु ।

३. संघीय समपुरक योजनाका लागि संघीय सरकारको तर्फवाट प्राप्त तथा स्थानीय कोष समेत रु १ करोड रकम बाराजी क्षेत्र पर्यटन पूर्वाधार निर्माण कार्य लागि विनियोजन गरेकोछु ।

४. संघीय सरकारवाट विशेष अनुदान अन्तरगत जाते खानेपानी आयोजना लागि रु ८५ लाख पचास हजार तथा शान्ती भगवती मा.वि. को छात्रावास तला थप कार्यका लागि रु १ करोड ५० लाख ५० हजार विनियोजन भएको छ ।

५. प्रदेश समपुरक योजना कुमारी चौक देखि क्याम्पस नगर अस्पताल हुदै बरपिपल चौक सम्मको सडक कालो पत्रे गर्ने कार्यका लागि प्रदेश समपुरक सहित रु १ करोड विनियोजन गरेको छु ।

६. सडक बोर्ड साझेदारीका लागि ३० लाख विनियोजन गरेकोछु ।

७. वडा नं. ५ को प्रशासनिक भवन निर्माणका लागि ६६ लाख २० हजार विनियोजन गरेको छु ।

८. चालु आ.व.२०८२/८३ मा सम्झौता भई म्याद थप भएका योजनाहरुको लागि आवश्यक वजेट ब्यवस्थापन गरेकोछु ।

९. वार्षिक वजेट तथा कार्यक्रममा पेश भएका विभिन्न कार्यहरूका लागि आवश्यक वजेट ब्यवस्थापन गरेकोछु ।

१०. आर्थिक विकास अन्तरगत सशर्त बाहेक कृषि विकास तर्फ ५१ लाख, पशुपंक्षी विकास तर्फ ६३ लाख ७५ हजार , उद्यम तथा लक्षित तर्फ ३६ लाख ५० हजार , सहकारी व्यवस्थापन तर्फ २ लाख, राजश्व सुधार तर्फ ३ लाख, भूमी प्रशासन ब्यवस्थापन तर्फ ७ लाख, पर्यटन पूर्वाधार तर्फ २६ लाख ५० हजार, घर नक्सा व्यवस्थापन तर्फ ३ लाख ५० हजार , लगायत आर्थिक विकासतर्फका कार्यक्रम संचालनका लागि आवश्यक वजेट विनियोजन गरेकोछु ।

११. सामाजिक विकास तर्फका सशर्त बाहेक शिक्षा सुधार तथा व्यवस्थापन तर्फ सशर्त वाहेक रु १ करोड ७९ लाख ६ हजार ५ सय, युवा तथा खेलकुद तर्फ शैक्षिक पूर्वाधार विकास तर्फ ३४ लाख, जनस्वास्थ्य तर्फ सशर्त वाहेक ८५ लाख, महिला तथा वालवालिका तथा जेष्ठ नागरिक एबम् जेष्ठ नागरिक तर्फ २९ लाख २० हजार लगायत सामाजिक विकासतर्फका स्विकृत कार्यक्रमहरूका लागि आवश्यक वजेट विनियोजन गरेकोछु ।

१२. सुशासन ब्यवस्थापन तथा अन्तर सम्वन्धित क्षेत्रका लागि आवश्यक वजेट र वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र अन्तरगत विपद ब्यवस्थापन कोषमा ६० लाख फोहोर ब्यवस्थापनका लागि आवश्यक रहेको सवारी खरिद गर्न आवश्यक वजेट ब्यवस्थापन गरेकोछु ।

१३. कार्यालय संचालन तथा प्रशासनिक खर्च तलव भत्ता लगायतका कार्यका लागि आवश्यक वजेट ब्यवस्थापन गरेकोछु ।

सभाअध्यक्ष महोदय,

लेटाङ नगरपालिकाको नगरसभाको उन्नाईसौ अधिवेशनमा प्रस्तुत आ.व. २०८३/८४ को बार्षिक आय ब्यय र वजेट तथा कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न सम्पुर्ण जनप्रतिनिधि, आम जनता र कर्मचारीहरुको सकारात्मक सहयोगको अपेक्षा गर्दछु । आ.व. २०८३/८४ को लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मार्गनिर्देशन गर्नुहुने नगरप्रमुख तथा कार्यपालिका सदस्यज्यूहरु, सल्लाह सुझाव दिनुहुने राजनीतिक दलका नेतृत्व एवं आम जनसमुदाय र तयारीमा सहभागी भई सहयोग गर्नुहुने विषयगत समितिका संयोजक तथा सदस्यहरु र कर्मचारीहरु प्रति हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्दछु । धन्यवाद